# भिमाद नगरपालिका
## BHIMAD MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL


प.सं / REF. NO. : ०८२/०८३
च.सं / DIS. NO. : १५८

मितिः २०८२/०४/३०
ने.सं. ११४५ गुंलागा सप्तमी

श्री वडा कार्यालय सबै,
भिमाद नगरपालिका, तनहुँ ।

विषयः सूचना बमोजिम आवश्यक कार्य गर्नहुन ।

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोगको मिति २०८२/०४/३० गते प्रकाशित सूचना यसैसाथ संलग्न राखी पठाइएको छ। सूचना बमोजिम भिमाद नगरपालिकाका सबै वडामा रहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले जग्गा प्राप्त गर्नको लागि मिति २०८२/०४/३० गते देखि लागु हुनेगरी ३५ दिन भित्र आ-आफ्नो वडा कार्यालयमा आवश्यक कागजात सहित भूमि समस्या समाधान आयोगले तोकेको ढाँचामा निवेदन संकलन गर्नहुन अनुरोध छ।
पुनश्चः मिति २०७७/१०/०९ को ३५ दिने सूचना र मिति २०८०/०५/३० को ३५ दिने सुचना बमोजिमको निवेदन पेश गरी सप्टवयरमा प्रविष्टि भइसकेका लाभग्राहीहरुको निवेदन दर्ता नगर्न हुन समेत जानकारी गराइन्छ।

०८२/४/३०
कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ
श्री नगर प्रमुखज्यू, भिमाद नगरपालिका, तनहुँ।

नेपाल सरकार

## भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।